# तिलोत्तमा नगरपालिकाको आ.व २०८१।८२ को

# बार्षिक नीति तथा कार्यक्रम

तिलोत्तमा नगरपालिकाको दोश्रो नगरसभाको पाँचौ अधिवेशनमा उपस्थित नगरउप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू,नगरसभाका सम्पुर्ण सदस्यज्यूहरु,राष्ट्रसेवक कर्मचारीज्यूहरु एवं टेलिभिजन तथा रेडियोबाट प्रत्यक्ष प्रशारणमा जोडिइरहनुभएका सम्पूर्ण नगरबासी महानुभावहरु,

सर्वप्रथम नगरसभाको यस महत्वपूर्ण अधिवेशनमा यहाँहरु सबैलाई हार्दिक स्वागत एवं धन्यवाद व्यक्त गर्दछु। यस महत्वपूर्ण अवसरमा परिवर्तनका खातिर आफ्नो जीवनको उत्सर्ग गर्नुहुने ज्ञात् अज्ञात सहिदहरुप्रति उच्च सम्मान सहित हार्दिक श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु ।

आर्थिक वर्ष ०८१/०८२ को नीति कार्यक्रमको लक्ष्य “समृद्ध नगर खुशी नगरबासी“ रहेको छ । नगरबासीको सर्वाङ्गगीण विकाससँगै समृद्धि सूशासन सेवा प्रवाहकासाथ तिव्र विकासको अपेक्षालाई उपलब्ध स्रोतसाधनको समुचित प्रयोग गर्दै नगरबासीको आंकक्षा पूरा गर्न दृढ संकल्पित रहेको कुरा यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु ।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा टेकेर नगरको आर्थिक, सामाजिक, साँस्कृतिक विकासका उद्धेश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट विकासको खाका निर्धारण गरी एकीकृत शहरी विकास योजना, नगरपालिकाको आवधिक योजना कार्यान्वयन गर्न यो नीति तथा कार्यक्रम निर्देशित छ ।यस नीति तथा कार्यक्रम संघीयताको कार्यान्वयनसँगै सिंहदरबारको अधिकार जनताको बीचमा पुर्‍याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षलाई मुख्य मार्गनिर्देशकको रुपमा लिइएको छः

क. नेपालको संविधान,२०७२

ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

घ. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ङ. नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारले तर्जुमा गरेका नीति तथा कार्यक्रम र बजेट

च. दीगो विकास लक्ष्यहरु हासिल गर्नेलगायतका नेपाल सरकारले अन्तराष्ट्रिय क्षेत्रमा जनाएका प्रतिबद्धताहरुबाट सिर्जित दायित्व

छ. यस नगरपालिकाको एकीकृत सहरी विकास योजना तथा पञ्चवर्षिय योजनाले मार्गनिर्देश गरेका नीति तथा कार्यक्रमहरु तथा मध्यमकालिन खर्च संरचना

ज. नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारका आवधिक विकास योजनाहरु

झ. नेपाल सरकार र लुम्विनी प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक, सामाजिक लगायतका विकासका नीतिहरु लगायत ।

उपस्थित महानुभावहरुः

तिलोत्तमा नगरपालिका लोकतन्त्रका आधारभूत मूल्य, मान्यता, बहुलवादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासनप्रति पूर्णप्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा नगर सरकार हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकुन् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं । नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न नगर सरकार दृढ छ ।

उपस्थित आदरणीय नगरसभाका सदस्यज्यूहरु

अब म आर्थिक वर्ष ०८१/०८२ मा यस नगरपालिकाले **आर्थिक बिकास क्षेत्र अन्तर्गत** लिने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

१. तिलोत्तमा नगरपालिकालाई कृषिमा आधुनिकीकरण, व्यवसायीकरण गर्दै कृषि उत्पादनमा आत्मनिर्भर पालिका बनाउन जनअपेक्षा अनुसार जनताका साझा समस्याहरु समाधान गर्ने प्रकृतिका कृषि क्षेत्रका जनतालाई राहत प्रदान गर्ने तथा आशा जगाउने किसिमका आवश्यक रणनीति निर्माण गरिनेछ ।

२. नगरपालिका क्षेत्र भित्र प्राङ्गारिक खेती प्रणालीलाई प्रवर्दन गर्न रासायनिक मल र विषादी प्रयोग नगरी प्रांगारिक मल र जैविक विषादी प्रयोग गरी खेती गर्न तरकारी कृषक समूहहरुलाई प्रोत्साहित गर्दै त्यस्तो खेती गर्ने कृषक समूहहरुलाई प्रागरिक मल खरिदमा आवश्यक सहजीकरण गरि मापदण्ड बनाई अनुदानको व्यवस्था मिलाईनेछ ।

३. चालु आ.व. मा गहुँ, मकै, तरकारी बिउ, फलफुलका विरुवा, घाँसका बिउ, साना सिँचाई, ,फूलखेती, व्यवसायिक तरकारी खेती, बाली विमा, पशु विमामा दिएको अनुदानलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईने छ ।

४. तिलोत्तमा नगरपालिका भित्र उत्पादन हुने हरियो तरकारी,ताजा फलफुल तथा अन्नहरुको शुरक्षित भण्डारण गर्न तिलोत्तमा नगरपालिका, प्रदेश सरकार, संघिय सरकार एवम् दातृनिकायको सहयोग र सहकार्यमा वडा नं.१७ मा शीत भण्डारण गृह निर्माण कार्य तदारुकताका साथ अगाडी बढाईने छ ।

५. नगरपालिका द्वारा किसानहरुलाई उपलब्ध गराइने विभिन्न प्रकारका कृषि अनुदान, मल, सिँचाई लगाएत लाई व्यवस्थित गराउन मापदण्ड निर्माण गरि **तिलोत्तमा किसान कार्ड** लागु गरिने छ ।

६. विगतमा घोषणा गरिएका कृषि पकेट क्षेत्र कार्यक्रमहरुलाई थप व्यवस्थित वनाउँदै लगिनेछ । यस वर्ष वडा नं. ६ लाई दुग्ध उत्पादन पकेट क्षेत्र घोषणा गरि किसानलाई प्रोत्साहन गर्नका लागि विशेष कार्यक्रम ल्याउदै कृषिमा अत्मनिर्भर नगरपालिका बनाउने अभियान संचालन गरिने छ ।

७. छाडा चौपाया, जंगली जनावरबाट किसानहरुको वालीनालीमा हुने क्षती लाई न्युनिकरण गर्न प्रभावित वडा हरुमा योजना निर्माण गरि सामुहिक तारवार गर्न कृषक समुहसँगको सहकार्यमा आवश्यक कार्यक्रम तय गरि कार्यान्वयन गरिनेछ ।

८. सामूहिक र चक्लाबन्दी खेती गर्न चाहने कृषकहरुलाई प्रोत्साहनका लागि आवश्यक तालिमको साथै आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

९. विगत वर्षदेखि दुग्ध उत्पादक किसानहरुलाई दिइदै आएको दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिदै अनुदान रकमलाई सत प्रतिशत वृद्धि गरिनेछ ।दुग्ध उत्पादक किसानहरुलाई उत्पादन वृद्धि गर्न विशेष योजना निर्माण गरि कार्यान्वयमा ल्याइनेछ। साथै, हाल नगरपालिका मार्फत किसानहरुलाई विउ विजन, विभिन्न औजार तथा उपकरणमा दिइदै आएको अनुदानलाई उत्पादनमा आधारित वनाइने छ ।

१०. पशुपालक कृषकहरुको सहुलियतको लागि कार्यविधि निर्माण गरि कृषि सहकारी संस्था मार्फत **शुलभ भेटेरीनरी पसल** संचालनमा ल्याउन आवश्यक गृहकार्य अगाडी बढाइने छ ।स्मार्ट कृषि गाउलाई निरन्तरता दिन प्रदेश सरकार सँग विशेष पहल गरिने छ ।

११. **नगर प्रमुख किसान कार्यक्रम**लाई थप प्रभावकारी बनाई व्यवसायिक तरकारी, फलफूल, अन्नबाली, मह उत्पादन, च्याउ उत्पादन, दुग्धजन्य पदार्थ उत्पादन, मासु जन्य उत्पादनमा समेत यस कार्यक्रमलाई विस्तार गरिनेछ ।

१२. **नगर प्रमुख सिँचाई विकास कार्यक्रम** अन्तर्गत विविध कारणले बन्द रहेका भै. लु. भु. ज. परियोजना र भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय मार्फत बनेका बोरिङ्ग, डिप बोरिङ्ग र नहर हरुको संचालन र मर्मत गर्नका लागि आवश्यक व्यवस्था गरिने छ । साथै, १६/३६ मौजा सिचांई प्रणाली अन्तर्गतका कुलाहरु मर्मत तथा निर्माण गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

१३. **"बरु म गर्छु कृषिः तर कहीं जान्न देश विर्सी"**भने नारालाई आत्मसात गर्दै स्वदेशमै कृषि उद्यम गर्न चाहने युवाहरुलाई प्रोत्साहित गर्नयुवाहरुले दर्ता गर्ने कृषि फार्मको व्यवसाय दर्तामा शत प्रतिसत छुट दिने नीति अवलम्वन गर्दै आवश्यक सहयोगका लागि प्राथमिकता दिईने छ । नदी उकास क्षेत्रमा रहेको खाली जग्गामा सामुहिक कृषि गर्ने युवा तथा कृषक समुहलाई प्राथमिकताका साथ जग्गा उपलब्ध गराउँदै आवश्यक सहजीकरण र समन्वय गरिनेछ ।

१४. सहकारी संस्थाले संचालनको मुनाफा मध्ये कम्तीमा १०% रकम सहकारी खेती, सहकारी उद्योग वा सहकारी व्यवसायमा लगाउनु पर्ने नीति बनाई कडाईका साथ लागु गरिने छ ।साथै, विउ उत्पादन, भण्डारण र वितरण स्थानीय कृषि तथा वहुउद्देशीय सहकारीहरु मार्फत गर्ने व्यवस्था मिलाइने छ ।

१५. तिलोत्तमा १० स्थित **तिलोत्तमा उद्योग ग्राम** लाईशीघ्र निर्माण सम्पन्न तथा संचालन गर्न प्रदेश सरकार र संघ सरकार संग पहलकदमी गरिनेछ।

१६. व्यवसायिक कृषि फर्म स्थापना गरेका व्यक्ति तथा व्यवसायी हरुलाई उन्नत प्रविधि अपनाउन प्रोत्साहन गर्न प्रविधि तथा औजारमा सहयोग उपलब्ध गराइने छ ।

१७. फलफूल विरुवाको आपुर्ती का लागि नगरपालिका भित्र सामुदायीक वन सँग साझेदारी गरि **"गाउँघर नर्सरी"** स्थापनामा विशेष प्राथमिकता दिइने छ ।

१८. नगर क्षेत्रभित्र पशुहरुको उपचारलाई सहज बनाउन नयाँ आधुनिक पशु अस्पताल स्थापना गर्न संघ तथा प्रदेश सरकार संग पहल गरिने छ ।पशुहरुको नश्ल सुधार गर्नका लागि कृतिम गर्भाधान कार्यक्रम लाई निरन्तरता दिइ प्रभावकारी रुपमा संचालन गरिनेछ

१९. कृषि तथा पशु सम्बन्धि अध्ययन तथा अध्यापन गराउने शिक्षण संस्थासंग सम्झौता गरी खोज तथा अनुसन्धानात्मक कार्य अगाडि बढाइने छ ।

२०. तिलोत्तमा १३ सेमरी स्थित सखिया सामुदायीक थारू होमस्टेलाई तिलोत्तमा नगरपालिकाको **अतिथी सत्कार क्षेत्रको** रुपमा विकास गर्दै होमस्टे वरिपरिका समुदायहरुलाई स्थानीय उत्पादनमा जोड दिदै होमस्टे लाई नगर क्षेत्रभित्र उत्पादित स्थानीय प्रांगारिक उत्पादनहरुको खपत केन्द्रको रुपमा संचालन गरिनेछ ।

२१. सार्वजनिक जग्गा, सामुदायिक वन क्षेत्रमा खानेपानी संस्थाहरु तथास्थानीय नागरिकहरु संग समन्वय तथा सहकार्य गरी पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ जलिय पुनरभरण (Water Recharge) पोखरी स्थापना गर्न आवश्यक पहल गरिने छ ।

२२. आम नगरवासीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै तरकारी तथा फलफूलहरुको विषादी परिक्षण गरि विषादीयुक्त तरकारी तथा फलफूल बजारमा विक्रि वितरण हुनबाट रोक्न **"द्रुत विषादी विश्लेषण परिक्षण प्रयोगशाला"** स्थापना गर्न आवश्यक व्यवस्था गरिने छ । माटो परिक्षण शिविर, पशुउपचार शिविर, विविध कृषि उत्पादन तालिमहरु संचालन गरिने छ ।कृषि शाखा भलवारीलाइ नमूना कृषि प्रदर्शनी स्थलका रुपमा विकास गरिने छ ।

२३. व्यवसायिक रुपमा खाद्यान्न वाली लगाउने किसानहरुको उत्पादन लागत कम गर्न जमिन जोत्न /सम्याउन, कृषि उपज कटानी एवं भण्डारण गर्न आवश्यक कृषि मेशिनरी औजारहरु सहुलियत दरमा उपलब्ध गराउन **कृषि औजार हायरिंग सेन्टर** स्थापना गर्न प्रदेश एवं संघ सरकार संग विशेष पहल गरिने छ ।पशुहरुको विक्रि वितरणलाई व्यवस्थित बनाई एकिकृत विक्रि केन्द्रको रुपमा तिलोत्तमा १४ मा पशु हाटबजार स्थापना गरि संचालन गरिनेछ ।

२४. **एक खेती बहु आय नीति** अन्तरगत धान खेतीमा हाँस पालन गर्न किसानहरुलाई उत्प्रेरित गरिने छ । यसका लागि किसानलाइ अनुदानमा विशेष जातका हाँसका चल्ला उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

२५. तिलोत्तमा नगरपालिका क्षेत्र भित्रका विभिन्न ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा, महत्वपूर्ण पार्क, तालतलैया,मठ मन्दिर, गुम्वा, विहार, मस्जिदहरुलाई संरक्षण तथा सम्वर्दन गर्दै पर्यटकिय स्थलको रुपमा विकास गरि आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्दन गरिनेछ ।

२६. **आठ धामः एकै ठाम**" भन्ने नाराका साथ निर्माणाधीन मोक्षधाम निर्माणलाई आवश्यक सहयोग एवम सहजिकरण गरि धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।

२७. नगरपालिका क्षेत्रभित्र आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढाउन यसै वर्ष नेपालकै पहिलो कुन्जपार्क रात्रीकालिन उद्यानमा लेजर लाईट सहितको म्यूजिकल वाटर फाउण्टेन निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।

२८. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) तथा सुरक्षित आप्रावासन (SAMI) कार्यक्रम लाई स्थानीय उद्यम तथा सीप विकास कार्यक्रम सँग आवद्ध गरि सञ्चालित कार्यक्रमहरुलाई थप व्यवस्थित र प्रभावकारी वनाइनेछ ।

२९. तिलोत्तमा नगरपालिकालाई **Industries, Trade and Transport city** को रुपमा विकास गर्न आवश्यक नीति तय गरिनेछ ।

३०. नियामक निकायहरु सँगको समन्वय र सहकार्यमा खाद्य पदार्थको गुणस्तर, सहकारी, औषधि पसल हरुको नियमित बजार अनुगमन गरिनेछ ।

३१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई नगरक्षेत्र भित्रका सम्पदा संरक्षणका कार्यमा आवद्ध गरिनेछ ।

३२. उद्यम ज्ञान, सीप,स्थानीय उत्पादनको प्रवर्दन, बजारीकरण तथा रोजगारी सिर्जनाको लागि स्थानीय उद्यमी, व्यवसायी, रोजगार प्रदायक संघ संस्थाहरुको समन्वय र सहकार्यमाउद्यम ज्ञान रोजगार तथा सूचनाप्रविधि मेला संचालन गरिने छ ।

३३. महिला तथा अपांगहरुले मात्र संचालन गरेका लघु उद्यम लाई प्रोत्साहन गर्न नगरपालिका द्वारा व्यवसाय करमा लिइने दरमा ७५ प्रतिशत छुट दिइनेछ ।

३४. **मेड इन तिलोत्तमा** नारा अन्तरगत नगरपालिका भित्रको एउटा विशिष्ट उत्पादनको लागि आवश्यक योजना निर्माण गरिनेछ । अन्तरपालिका, विशिष्ट पाहुना वा आगन्तुकहरुलाई त्यस्तो उत्पदन कोशेलीको रुपमा दिने र वजारीकरण गर्ने कार्य प्रारम्भ गरिनेछ ।

**आदरणीय नगर सभा सदस्य ज्यूहरु ,**

**अब म सामाजिक विकासतर्फका नीति तथा कार्यक्रम हरु प्रस्तुत गर्न चाहन्छु ।**

३५. तिलोत्तमा नगरपालिका भित्रका सामुदायीक विद्यालयहरुको शैक्षिक भौतिक एंव समग्र विकासको लागि **नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम** लागु गरिनेछ ।

३६. वाल विकास कक्षा देखि नै सामुदायीक विद्यालयको गुणस्तर अभिवृद्धि गर्दै क्रमशः आधारभूत तथा माध्यामिक विद्यालयको नतिजा सुधार गर्न वाल विकास कक्षाकोठाको स्तरोन्नती गरि प्रविधिमैत्री वनाइने छ साथै नगरभित्र टिनको छानो भएका सामुदायीक विद्यालयहरुमा फल्स सिलिङ राख्ने व्यवस्था मिलाइनेछ ।

३७. सामुदायीक विद्यालयका विद्यार्थीहरुको क्षमता विकास एंव गुणस्तर वृद्धिका लागि विद्यार्थी करियर गाइडेन्स, एक विद्यालय एक सृजनशील कार्यक्रम, सिर्जनशील शुक्रवार कार्यक्रम, च्यालेन्ज फण्ड, अन्वेषण तथा नवप्रवर्तन कार्यक्रमलाई निरन्तरता दिई प्रभावकारी रुपमा संचालन गरिनेछ।

३८. नगर भित्र रहेका प्राविधिक शिक्षालयहरुमा प्रत्येक वडाका कम्तिमा एक बिद्यार्थीलाई सहभागी गराई स्वरोजगार अभियान संचालन गरिनेछ । सबै प्रकारका अपाङ्गता भएका वालवालिकाहरुको लागि सिकाई केन्द्र स्थापना गरि सबैको लागि शिक्षा अभियानलाई सघाउ पुर्याइने छ । आगामी शैक्षिक सत्र देखि नगर क्षेत्रमा एक **महिला बिद्यालय** संचालन गर्न आवस्यक तयारी गरिनेछ ।

३९. सामुदायिक तथा संस्थागत विद्यालयहरुले कानुन बमोजिम प्रदान गर्नुपर्ने छात्रवृत्ती लाई व्यवस्थित, पारदर्शी र प्रभावकारी वनाउँदै छात्रवृत्ती वितरणमा एकरुपता कायम गर्न तथा कानुन बमोजिमको मापदण्ड पालना गरे नगरेको अनुगमन गर्न Central scholarship portal निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

४०. तिलोत्तमा नगरपालिकालाई शैक्षिक अध्ययन अनुसन्धानको केन्द्रको रुपमा विकास गर्न पालिका लाई उपयुक्त हुने विषयवस्तुमा अध्ययन अनुसन्धान तथा शोधपत्र कार्य गर्ने अनुसन्धानकर्ताहरुलाई प्रोत्साहन गरिनेछ ।

४१. विद्यालय स्तर देखि नै विद्यार्थी हरुमा स्वरोजगार र उद्यमशीलताको भावना जागृत गराउनको लागि विद्यार्थीहरुलाई आयआर्जन सँग जोड्न संभाव्यता अध्ययन गरि पढ्दै कमाउँदै कार्यक्रम लागु गरिनेछ ।

४२. तिलोत्तमा नगरपालिकाको शैक्षिक रुपान्तरणको लागि नेपाल सरकारले तोके अनुरुप कार्यविधि निर्माण गरि विद्यार्थी शिक्षक अनुपातको आधारमा प्रधानाध्यापक तथा शिक्षकहरुलाई पालिका अन्तरगतका विद्यालयहरुमा व्यवस्थापन गरिनेछ ।विद्यालयका शिक्षकहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न प्रकारका तालिमहरुको व्यवस्था गर्दै उत्कृष्ट कार्य गर्ने शिक्षक तथा विद्यार्थीहरुलाई मापदण्ड बनाई सम्मान तथा पुरस्कार कार्यक्रम लागु गरिनेछ ।

४३. सामुदायीक विद्यालयहरुमा विद्यार्थीहरुको भर्नादर वृद्धि गर्न विगत वर्ष देखि सामुदायिक विद्यालयहरुलाई अनुदानमा यातायातका साधन उपलब्ध गराउने नीतिलाई निरन्तरता दिई यातायातका साधन दिइएका विद्यालयहरुलाई यातायात व्यास्थापन खर्च उपलब्ध गराइनेछ ।

४४. स्थानीय उत्पादनको प्रवर्दन तथा विद्यार्थीहरुको पोषण सुरक्षाका लागि दिवा खाजामा स्थानीय उत्पादनलाई विशेष प्राथमिकता दिइनेछ ।

४५. नगरवासीको अध्ययन तथा अनुसन्धानको संस्कार विकास गर्न सामुदायिक पुस्तकालय (community learning centre) को स्थापना गर्ने व्यवस्था मिलाइने छ ।

४६. "**स्वस्थ नागरिक सम्बृद्ध तिलोत्तमा**" भन्ने नारालाई सार्थक बनाउन जेष्ठ नागरिक हरुलाई निशुल्क बिशेषज्ञ स्वास्थ्य शिविर, मधुमेह रोग निशुल्क शिविर, पाठेघरको मुखको क्यान्सर VIAशिविर, आँखाको मोतियाबिन्दु पत्ता लगाउने निशुल्क स्वास्थ्य शिविर साथै आधारभूत स्वास्थ्य सेवाका औषधिहरु नियमित रुपमा वितरण गर्ने ब्यबस्था मिलाइने छ ।

४७. तिलोत्तमा नगर स्वास्थ्य प्रोफाइल तयार गरि नसर्ने खालका उच्च रुपमा देखा परेका रोग र सर्ने खालका उच्च रुपमा देखा परेका रोगको पहिचान गरि निदानको व्यवस्थापन गरिने छ ।

४८. सुरक्षित मातृत्व सेवालाई प्रभाकारी बनाउन मातृ तथा शिशु अस्पतालको निर्माण कार्यलाई द्रुत रुपमा अगाडी बढाइने छ । **गर्भवती सँग उपमेयर कार्यक्रम** लाई निरन्तरता दिई गर्भवती जाँच तथा सुत्केरी जाच सेवालाई प्रोटोकल अनुसार सेवा प्रदान गर्न प्रोत्साहन गरिने छ । तिलोत्तमा नगरपालिकालाई zero home डेलिभरी पालिका घोषणा गरि मातृमृत्युदर लाई शुन्यमा झारिने छ साथै सम्पूर्ण स्वास्थ्य संस्थामा स्तनपान कक्ष निर्माण गरिने छ । आनन्दबन स्वास्थ्य चौकी र सेमरा बजार स्वास्थ्य चौकी बाट प्रदान गरिने भिडीयो एक्स- रे सेवा तिलोत्तमा नगरवासी गर्भवती तथा सुत्केरी महिलाहरुलाई निशुल्क रुपमा प्रदान गरिने छ ।

४९. पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गरि प्रत्येक स्वास्थ्य आमा समूहलाई पुर्नगठन गरि आमा समूहको बैठकमा वृद्धि अनुगमन गर्ने ब्यबस्था गरि बालवालिकाहरुको कुपोषण दर कम गरिने छ । पोषण प्रवर्धन कार्यक्रम संचालन गरि स्थानीय उत्पादनका पौष्टिक खाद्य पदार्थ प्रयोग गर्न प्रोत्साहन गरिने छ एंव महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धी लगायतका कार्यहरु संचालन गरिनेछ ।

५०. निर्माणाधीन १५ सैयाको अस्पतालहरु सम्पन्न गर्न संघ सरकार सँग पहल गरि नगर अस्पताल संचालनमा ल्याउन आवश्यक व्यवस्था गरिनेछ ।

५१. अति बिपन्न, असाहय, एकल महिला, सुचिकृत रोगी पूर्ण अपाङ्गता भएका व्यक्तिहरुको निशुल्क स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५२. क्षयरोग, कुष्ठरोग मुक्त पालिका कार्यक्रम लाई प्रभाकारी रुपमा संचालन गर्दै सरुवा रोग र महामारी नियन्त्रण कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाइने छ ।

५३. वातानुकुलित खोप केन्द्र संचालन गरि खोप सेवा तथा वाल स्वास्थ्य सेवालाई ब्यबस्थित तुल्याई पूर्ण खोपको दिगोपनाको सुनिश्चितता गरिने छ ।

५४. अटिजम भएका बालवालिका,सुस्त श्रवण तथा न्यून दृष्टी भएका वालवालिकाको पहिचान तथा ब्यबस्थापन, सिकलसेल एनिमिया रोगका बिरामीहरुको पहिचान तथा ब्यबस्थापन गर्ने कार्यलाई तिब्रता दिईने छ ।

५५. आयुर्वेद जिवनशैली व्यवस्थापन अन्तरगत नागरिक आरोग्य, भान्सा सुधार साथै योग, ध्यान, साधना को माध्यम वाट आम नागरिकको जीवन शैलीलाई व्यवस्थित गर्न **निरोगी नगर कार्यक्रम** संचालनमा ल्याइने छ ।साथै, जेष्ठ नागरिकलाइ आयुर्वेद रसायन प्रयोग गरि वुढ्यौलीपनका शारीरिक र मानसिक समस्या कम गर्न जेष्ठनागरिक आयुर्वेद सेवा कार्यक्रम संचालन गरिने छ ।

५६. वच्चाको पोषण सुधार गर्न मातृ शिशु सुरक्षार्थ स्तनपायी कार्यक्रम हाल संचालनमा रहेको कुनै एक स्वास्थ्य सस्था वाट विस्तार गरि आगामी वर्षहरुमा थप स्वास्थ्य संस्थामा पुर्याइने छ । साथै, सवै नागरिकको पहुँचमा आयुर्वेद सेवा पुर्याउन वडा नं ६ मा संचालनमा रहेको नागरिक आरोग्य क्लिनिकलाइ निरन्तरता दिइने छ ।

५७. नगरपालिकामा आयुर्वेद सेवा संगसंगै वैकल्पिक सेवाका प्राकृतिक चिकित्सा, एक्युपञ्चर सेवा, होमियोप्याथी सेवा विस्तारका लागी आवश्यक प्रकृया अगाढी वढाइने छ ।

५८. नगरक्षेत्रभित्र रहेका खेलकुद मैदानहरु लगाएत खेलकुद पूर्वाधारहरुलाई स्तरोन्नती गर्दै तिलोत्तमा १७ स्थित एक्स्ट्राटेक ओभल अन्तराष्ट्रिय क्रिकेट स्टेडियम लगायत अन्य निजिक्षेत्रबाट संचालित खेलकुद पूर्वाधारहरुको विकासको लागि आवश्यक सहजीकरण र समन्वय गर्ने नीतिलाई प्राथमिकता दिइनेछ साथै, विभिन्न विधाका खेलकुद प्रतियोगिता आयोजना गरि स्थानीय स्तरमै विभिन्न विधाका राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमै प्रतिस्पर्धी खेलाडीहरुको उत्पादनमा विशेष जोड दिई नगरपालिकालाई Sports Tourism क्षेत्रको रुपमा विकास गरिनेछ ।खेलकुदलाई आधारभुत तहबाट विकास गर्नका लागि प्रत्येक विद्यालयले कार्यरत शिक्षक मध्येबाट खेलकुद शिक्षक तोक्ने व्यवस्था मिलाई ति शिक्षकहरुलाई खेलकुद सम्वन्धी तालिमको व्यवस्था गरिनेछ ।

५९. स्थानीय युवाहरुको नेतृत्व विकास, क्षमता विकास एंव सामाजिक रुपान्तरणकालागि स्थानीय युवा क्लवहरु, टोलविकास संस्थाहरुको संस्थागत क्षमता विकास गरि सामाजिक परिचालनमा उपयोग गरिनेछ ।साथै,युवाहरुलाई उर्जाशिल बनाउँदै युवाहरुमा खेलप्रतिको भावना विकास गर्न **तिलोत्तमा म्याराथुन कार्यक्रम** संचालन गरिनेछ ।

६०. पालिका भित्रका खेलमैदानहरुको स्तरोन्नती गर्दै महिला खेलाडी उत्पादनमा विशेष जोड दिइनेछ साथै नगरका उत्कृष्ट खेलाडीको सम्मान तथा विभिन्न विधाका खेल सम्वन्धी प्रशिक्षक हरुलाई तालिमको व्यवस्था मिलाई नगरस्तरमै विभिन्न खेल विधाका प्रशिक्षक उत्पादनमा जोड दिइनेछ ।

६१. युवामैत्री स्थानीय शासनका सूचकहरु पुरा गर्दै यस वर्ष युवामैत्री नगरपालिका घोषणा गरिनेछ।तिलोत्तमा नगरपालिकाका युवा जनसांख्यीक लाभांशको उपयोग तथा युवाहरुलाई उद्यमशीलतामा जोड दिन युवा उद्यमी संवाद लगायत विभिन्न प्रकारका कार्यक्रमहरु संचालन गर्दै प्रतिस्पर्धी युवा निर्माणमा विशेष जोड दिइनेछ ।

६२. वालमैत्री स्थानीय शासनका माध्यमबाट वालवालिकाको चौतर्फी विकास को लागि वालमैत्री सूचकको आधारमा वालवालिका, वालमैत्री सम्पर्क व्यक्ति तथा सहजकर्ताहरुलाई उचित तालिमको व्यवस्था गरि वालमैत्री स्थानीय शासनको दीगोपनामा जोड दिइनेछ ।

६३. तालिम आवश्यकता पहिचान ( Training Need Assessment) गरि आवश्यकताको आधारमा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न नगरबासीहरुले आफूलाई आवश्यक पर्ने क्षमता विकास कार्यक्रमहरु छनौट गर्न मिल्ने गरि उपयुक्त Online Portal तयार गरिसंचालनमा ल्याईनेछ । यसका आधारमा नगरपालिकाले संचालन गर्ने तालिम तथा गोष्ठीहरु औचित्यका आधारमा मात्र संचालन गर्दै विचमै तालिम छोड्ने प्रवृत्तीलाई निरुत्साहित गरिनेछ । महिलाहरुको क्षमता विकास तथा सशक्तिकरणको लागि **महिला सँग उपप्रमुख कार्यक्रम**लाई निरन्तरता दिई यस कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

६४. तिलोत्तमा नगरपालिका भित्र संचालनमा रहेका गैर सरकारी संघ संस्थाहरुको कामकारवाहीलाई व्यवस्थित गर्न संघ संस्थाहरुको एकिकृत अभिलेख तयार गरि प्रोफाइल निर्माण गरिनेछ साथै गैरसरकारी संघ संस्थाहरुलाई नगरपालिकाका अभियानहरुमा सहकार्यको लागि विशेष व्यवस्था गरिनेछ ।

६५. मानव सेवा आश्रम सँगको सहकार्यमा यसै वर्ष नगरपालिकालाई सहयोगापेक्षी सडक आश्रीत मानव मुक्त नगरपालिका घोषणा गरिनेछ ।

६६. नगरपालिकालाई लैंगिक मैत्री नगरपालिका घोषणा गरि दीगोपनाका लागि सूचकमा आधारित रहेर विभिन्न कार्यक्रमहरु संचालन गरिनुका साथै महिला, अपाङ्ग, लैंगिक अल्पसंख्यक समुदाय तथा व्यक्तिहरुको शसक्तिकरणका निम्ति विभिन्न लक्षित विशेष कार्यक्रमहरु संचालन गरि उद्यमशीलतामा जोड्न आवश्यक व्यवस्था गरिनेछ ।

६७. तिलोत्तमा नगरपालिका क्षेत्र भित्र रहेका स्थानीय मौलिक भाषा, सीप, कला तथा संस्कृति, ऐतिहासिक,धार्मिक सांस्कृतिक,पुरातात्विक सम्पदाहरुको संरक्षण एंव संवर्दन गर्दै विभिन्न समुदायका ज्ञान, सीप तथा अनुभवहरुको दस्तावेजीकरण गरिनेछ । उक्त समुदायको मौलिक भाषा, सीप,कला तथा संस्कृति झल्कने गरि संग्रहालयको स्थापनामा विशेष जोड दिइनेछ ।तिलोत्तमा १३ स्थित निर्माणाधिन थारु संग्रहालयको निर्माण कार्य सम्पन्न गरि संचालनमा ल्याउन प्रदेश तथा संघ सरकार सँग विशेष पहल गरिनेछ ।

६८. समाजमा व्याप्त रहेका सामाजिक विभेद, जातीय छूवाछुत, महिला हिंसा लगायत विभिन्न सामाजिक कुसंस्कार लाई हटाउन आवश्यक ऐन कानुन हरु निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।जातीय छूवाछुत, कुरिती, अन्धविश्वासका घटनाहरुको न्यूनीकरणको लागि टोलविकास संस्थाहरु मार्फत सामाजिक परिचालनका कार्यक्रमहरु संचालन गरिनेछ ।

६९. मानव मर्यादाको नगर निर्माणका लागि विभेद तथा छुवाछूत विरुद्ध सामाजिक अन्तरघुलन कार्यक्रमहरु संचालन गर्दै समानतायुक्त नगरपालिका निर्माणका लागि सामाजिक जागरणका अभियानहरु संचालन गरिनेछ ।साथै, दलित समुदायको आत्मसम्मान र स्वाभिमानको लागि ज्ञान सीप र उद्यम का विषयमा विभिन्न संस्थाहरुको सहकार्यमा दलित ज्ञान उत्सव कार्यक्रम संचालन गरिनेछ ।

७०. दलित समुदायको क्षमता विकास गरि परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरणको लागि अनुदानमा पेशागत सामाग्रीहरु उपलब्ध गराइनेछ ।

**आदरणीय नगरसभाका सदस्य ज्यूहरु,**

**अब म भौतिक पूर्वाधार बिकास का क्षेत्र तर्फका नीति तथा कार्यक्रम हरु प्रस्तुत गर्न चाहन्छु ।**

७१. नगरपालिका भित्र रहेका विद्युतीय पोल, नेपाल टेलिकमका पोलहरु व्यवसायीक रुपमा समेत संचालन भईरहेको हुँदा प्रति पोलको वैज्ञानिक करको दर कायम गरि कर लिने नीति अवलम्वन गरिनेछ ।

७२. मणिग्राम नलिनि स्वास्थ्य चौकीको पुरानो भवनलाई स्तरोन्नती गरि बहुतले वहुउद्देशीय भवनको निर्माण गरि रक्त संचार केन्द्र भवन तथा नगर सुपथ मुल्य फार्मेशी संचालन गरिनेछ ।

७३. नगर प्रहरी तथा फायरमेन आवासको लागि नयाँ भवन निर्माण गरिनेछ ।

७४. विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तरगत गत वर्ष देखि संचालन गरिदै आएको सामुदायीक विद्यालय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।साथै एक वडा एक किलोमिटर सडक निर्माण कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।तिलोत्तमा रिङ्ग रोडलाई संघ, प्रदेश सरकारसँग समन्वय र सहकार्यमा निर्माण गर्न आवश्यक पहलकदमी गरिनेछ ।

७५. नगरको एकीकृत ढल व्यवस्थापनको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरि परियोजना संचालनको लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोगको लागि संघ, प्रदेश सरकार तथा दातृ निकायहरु सँग विशेष पहल गरिनेछ ।

७६. नगरक्षेत्रभित्रका मुख्य सडकहरु तथा भित्रि सडकहरुमा घरधनीहरुले सडकको पानी निकास तथा सहज आवागमन अवरुद्ध हुने गरिसडक नै छोपिने गरि र्‍याम निर्माण गर्ने कार्यलाई पूर्णतया निरुत्साहित गर्दै वडा कार्यालयहरुबाट अनुगमन गरि त्यस्तो संरचनाहरु बनाइएको पाइएमा हटाउन लगाई सम्वन्धित घरधनीहरुलाई कानुन बमोजिमको कारवाहीको दायरामा ल्याउने व्यवस्था गरिनेछ एंव नगरभित्र रहेका नक्शा नियमित नभएका पुराना घरहरुको नक्सा नियमित गर्ने कार्यलाई थप व्यवस्थित गर्न अभियानकै रुपमा कार्यक्रम संचालन गरिनेछ ।

७७. रोहिणी घाट तथा जमुना घाट पूर्वाधार निर्माण कार्यलाई यस वर्ष पनि निरन्तरता दिई आवश्यक वजेटको व्यवस्थापन गरिनेछ ।

७८. वहुउद्देशीय टावर (भ्यू टावर), सिटि कलेज, अतिथि गृह, सभा हल लगाएतका पूर्वाधारहरुको सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक योजना निर्माण गरिनेछ ।

७९. तिलोत्तमा लगानी सम्मेलनमा निजि क्षेत्रद्वारा प्रस्ताव गरिएको तिलोत्तमा ट्राम रेल तथा लुम्विनि विशिष्टिकृत सहकारी संघ द्वारा तिलोत्तमा ६ मा निर्माणाधिन UHT दुग्ध प्रशोधन परियोजना लाई आवश्यक सहजीकरण गरिनेछ ।

८०. खरको छानोमुक्त नगरपालिका निर्माण गर्न यस वर्ष लगत, योजना तयार गरि कार्य प्रारम्भ गरिनेछ साथै नगरपालिकाको शौन्दर्यीकरणलाई मध्यनजर गरि नगरका महत्वपूर्ण चोकहरुमा सवारी साधन पार्किङ्ग व्यवस्थापनको लागि योजना निर्माण गरि कार्यन्यवयन गरिनेछ ।

८१. नगरपालिकाको योजना व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन GIS Base Tracking सहितको योजना सफ्टवेयर खरिद गरि संचालन गरिनेछ ।साथै सिक्स लेन सडक तथा बुद्ध सर्किट

सडकमा बन्ने नयाँ व्यवसायीक घरहरुमा अनिवार्य रुपमा अन्डरग्राउन्ड पार्किङ्गको निर्माण गर्नुपर्ने व्यवस्था गरि क्रमिक रुपमा कार्यान्वयन गरिदै लगिनेछ । त्यस्ता व्यवसायीक घरहरुको नक्सा पास दस्तुरमा विशेष छुट दिने व्यवस्था गरिनेछ ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

**अब म वन वातावरण तथा विपद्् व्यवस्थापन का क्षेत्र तर्फका नीति तथा कार्यक्रम हरु प्रस्तुत गर्न चाहन्छु ।**

८२. फोहोरमैला व्यवस्थापनकालागि नीजि क्षेत्रसंगको सहकार्य गर्दै नविन प्रविधिको प्रयोग गर्ने र तिनाउ नदि उकास तथा रोहिणी नदी उकास क्षेत्रमा ठाउं पहिचान गर्दै फोहोरमैला प्रशोधनतथा व्यवस्थापन केन्द्रको स्थापनाको लागी योजनावद्ध पहल गरिने छ। वास सहकारी, वातावरणीय सुन्दर नेपाल लगायतका फोहरमैला व्यवस्थापन सस्थासँग समन्वय सहकार्य गर्दै दीगो फोहरमैला व्यवस्थापनको लागि योजना निर्माण गरिनेछ।

८३. फोहरमैला व्यवस्थापन गरिने तिलोत्तमा ११ गणेशनगर आसपासका प्रभावित वासिन्दाहरुको लागि विशेष राहतका कार्यक्रमहरु संचालन गरिनेछ ।

८४. नगर सरसफाइ तथा हरियाली प्रर्वदन कार्यक्रमलाई अभियानलाई निरन्तरता दिइने छ। साथै विभिन्न वैंक तथा वित्तियसंघ संस्था र अन्य संस्थाहरु संगको सहकार्यमा नगरपालिकाका महत्वपुर्ण सडकहरुमा शहरी सुन्दरता अभिवृद्धि कार्यक्रम सञ्चालन र ग्रीनरी जोन निर्माण गरिने छ। साथै सिंचाई प्राणालीका छेउमा पुष्प रोपण (Road Side Plantation) लाई निरन्तरता दिदै उपयुक्त स्थानको छनोट गरि वर, पिपल, स्वामी जस्ता रैथाने प्रजातीका वनस्पती तथा औषधीय गुण भएका बनस्पतीको बृक्षारोपणमा प्राथमिकता दिइनेछ।

८५. ग्रिन तिलोत्तमा क्लिन तिलोत्तमाको नारालाई सार्थकता तुल्याउनका लागि विभिन्न वडाहरुमा रहेका उद्यान तथा पार्कहरुको स्तरउन्नती गरिनेछ। एक वडा एक पार्क निर्माण गर्ने नीतिलाइ निरन्तरता दिइनेछ।

८६. फोहोरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि Reduce, Recycle, Reuse ( 3R Principle) लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

८७. नगरपालिका क्षेत्रमा स्वच्छ खानेपानीको पहुंच वद्धि गर्न उपभोक्ताहरुको वास्तविक पहुंचको अवस्थाको अध्ययन तथा सर्वेक्षण प्रोफाईल तयार गरि आगामी वर्षहरुमा स्वच्छ खानेपानी पहुंचमा वञ्चित उपभोक्ताहरुलाई स्वच्छ खानेपानी उपलव्धताकालागि प्रदेश तथा संघ संग आवस्यक पहल गरिनेछ। हाल कायम गरिएका खानेपानीको शुल्कमा एक रुपता कायम गर्न पहल गरिनेछ। साथै

विपन्न घर परिवारलाई धारा जडान शुल्कमा खानेपानी सस्थासँगको सहकार्यमा छुट दिइने नीति अवलम्बन गरिनेछ ।

८८. नगरपालिकामा नगरवासीलाई सुरक्षित स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानी संस्थाहरुको सहकार्यमा पानी परिक्षण ल्यावको स्थापना गरिनेछ साथै सवै खानेपानी संस्थाहरुको समन्वय र सहकार्यमा एकिकृत खानेपानी योजना निर्माणमा आवस्यक पहल गरिने छ ।

८९. उज्यालो तिलोत्तमा कार्यक्रम तथा नगर सौन्दर्यीकरण अभियानलाई निरन्तरता दिइने छ ।

९०. वातावरणमैत्री स्थानिय शासन प्रारुप अनुसार नगरपालिकाको आफ्नै वातावरणमैत्री स्थानिय शासन निर्देशिका तयार गरि प्रदेश तथा संघिय सरकारसंगको समन्वयमा कार्यान्वयन प्रकृया अगाडी वढाइनेछ । टोल विकास संस्था तथा अन्य सरोकारवालाहरुलाई वातावरणमैत्री स्थानिय शासन प्रारुपका सूचकहरु सम्वन्धी अभिमुखिकरण कायकम सञ्चालन गरिनेछ ।

९१. नगरपालिका भित्र रहेका सार्वजनिक जग्गा संरक्षण, प्रवर्द्धन र व्यवस्थापन गर्न नगर स्तरिय अधिकार सम्पन्न समिति गठन गरिने छ । त्यस प्रकृतिका जग्गाको पहिचान गर्दै नगर मातहतमा ल्याउने कार्यलाइ तदारुकताका साथ अगाडी वढाईनेछ ।ः

९२. नगरपालिका क्षेत्र भित्रका सामुदायिक वनहरु संगको सहकार्यमा नदि उकास क्षेत्र, सार्वजनिक खाली प्रती जमिन, लगायतका क्षेत्रमा वृक्षारोपण गरि आगामी ३ वर्षमा वनजंगलले ढाकेको क्षेत्रलाई १५ प्रतिशत पुर्याइने र यसका लागि आवश्यक रणनीति तथा वजेटको व्यवस्था गरिने छ ।

९३. एक सामुदायिक वन एक जडीवुटी उत्पादन कार्यक्रम लागू गर्दै उत्पादन भएको जडीवुटीलाई आयुर्वेद औषधालय संगको समन्वयमा खरिद गरि औषधि निर्माण गर्न आवश्यक व्यवस्था मिलाइने छ । साथै सामुदायिक वन क्षेत्रमा मिचाहा प्रजातीको कारणले वनमा भएको असरलाई जोगाउन र सामुदायिक वनमा भएका वनमारा लगायत पातिङ्गर वाट कम्पोष्ट मल वनाउन सम्भाव्यता अध्ययन गरि सामुदायिक वनसँगको सहकार्य र साझेदारीमा कार्य अगाडी वढाइने छ ।

९४. नगरपालिका भित्र रहेका सवै सामुदायिक वनहरुको एकिकृत विकासका लागि नगरस्तरिय सामुदायिक वन सञ्जाल निर्माण गरिनेछ ।

९५. तिलोत्तमा क्षेत्र भित्र रहेका सिमसार क्षेत्रको पहिचान र संरक्षण गरिनेछ साथै वन, वनस्पती, वन्यजन्तु तथा चरा चुरुङ्गीलाई अनुकुलन वातावरण सिर्जनागर्नसंरक्षणको अभावमा मेटिदै तथा पुरीदै गएका वस्ती वरपरका पोखरीलाई संरक्षण एवंप्रर्वदन गरिनेछ ।नगरपालिकाका सवै तालतलैयाहरुको सरक्षणको लागि विशेष कार्यक्रमहरु ल्याइनेछ ।

९६. यात्रुहरुको सुविधालाई मध्यनजर गदै सिक्सलेन सडक, वुद्धपरिपथ लगायत नगरका महत्वपूर्ण सडकहरुमा सुविधा युक्त स्मार्ट विश्राम प्रतिक्षालय तथा शौचालय निर्माण गरिने छ ।

९७. जलवायु परिवर्तनबाट उच्च जाखिममा रहेका वर्ग, क्षेत्र, समुदायलाई जलवायु परिवर्तन अनुकुलन तथा न्युनिकरण सम्वन्धि सचेतनात्मक कार्यक्रमहरु अभियानकै रुपमा सन्चालन गरिने छ ।

९८. नदि क्षेत्र र डुवान क्षेत्रमा जोखिम न्युनिकरण, प्रकोप पूर्वसूचनाको लागि अन्तरपालिका सहकार्य र समन्वय गर्दै पूर्व सूचना प्रणाली ( Early Warning System) स्थापना गरिनेछ ।

९९. विभिन्न साझेदार संस्थाहरु संगको सहकार्य र समन्वयमा नगर क्षेत्र भित्रको फोहोर पानी प्रशोधन केन्द्र र दिशाजन्य लेदो व्यवस्थापन कार्यको लागिप्रक्रिया अगाडि बढाइने छ ।

१००. अन्तरपालिका समन्वय र सहकार्यमा छाडा चौपाय नियन्त्रण, फोहोरमैला व्यवस्थापन, विपद व्यवस्थापन, हरियाली प्रवर्द्धन, नदि नियन्त्रण, ढल निकास नाली निर्माण, अन्य महत्वपुर्ण विषयमा संघ, प्रदेशर साझेदार निकायसंगको समन्वय र सहकार्यका लागि आवश्यक पहल गरिनेछ ।

१०१. नगर क्षेत्रका विकास निर्माण कार्य प्रभावकारी वनाउन, भैपरि आउने विपद जोखिम न्युनीकरण गर्न र पुर्वाधार निर्माणमा लागत कम गर्ने उदेश्यले भ्याकुलेटर, हाइवा ,विद्युतिय पोल गाड्ने औजार मेसिन खरिद र छाडा चौपाय व्यवस्थापनका लागि Cow Rescue Van खरिद गरि संचालनमा ल्याइनेछ ।

१०२. सिक्स लेन सडकलाई केन्द्रीकृत गरि Tilottama HighwayAmbulanceसञ्चालनमा ल्याईने छ साथै नगर प्रहरीलाई सकृय परिचालन गर्न आगलागि लगायतका विपदमा तत्काले उद्धार गर्न २ वटा फायर विग्रेड मोटरसाईकल खरिद गरि परिचालनमा ल्याईने छ ।

१०३. तिनाउ Ground Recharge and Riverbelt Meterials Stock Checkdamपरियोजना रTilottama Drainage Networkको आवस्यक गुरु योजना तथा विस्तृत परियोजना प्रतिवेदन वनाउन आवस्यक पहल गरिने छ ।

१०४. रोजगार तथा अन्य व्यवसायको शिलशिलामा छोराछोरीहरु विदेशमा जाने र घरमा रहेको वृद्ध वृद्धा आमा वुवाहरु मृत्यु हुंदा शवलाई दाह संस्कार गर्न छोरा छोरीहरुलाई पर्खनु पर्ने अवस्थालाई मध्यनजर गरि विभिन्न संघ संस्थाहरुको साझेदारीमा शव चिस्यान सेवा सुरक्षित प्लान्ट ( Mortuary Chamber Plant Set ) नगर स्तरमा निर्माण गरि कार्यान्वयनमा ल्याईने छ ।

१०५. नगर स्तरिय विपद व्यवस्थापन, सूचना प्रणालीलाई प्रादेशिक तथा राष्ट्रिय विपद व्यवस्थापन प्रणालीसंग आवद्ध गर्दै TilottamaInformation Center तथा आपतकालिन कार्य सञ्चालन केन्द्रलाई आवस्यक सामग्री सहित थप व्यवस्थित गर्दै लगिने छ ।

१०६. नगर प्रहरी, फायरमेन तथा नगर स्तयि टास्कफोर्स लगायत अन्य कर्मचारीहरुलाई विपद व्यवस्थापन तालिम सहित आवस्यक सामग्री प्रदान गरिने छ ।

१०७. तिनाउ र रोहिणी नदि कटानको नियन्त्रणका एकिकृत संरक्षण अभियान संचालन गरिनेछ ।

**आदरणीय नगरसभाका सदस्य ज्यूहरु,**

**अब म शुसासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फका नीति तथा कार्यक्रम हरु प्रस्तुत गर्न चाहन्छु ।**

१०८. नगरपालिकाका कर्मचारीहरुको कार्यसम्पादनलाई नतिजासँग जोड्न प्रमुख सूचकहरुमा आधारित रहेर कार्यसम्पादन नतिजाको आधारमाकार्यसम्पादन प्रोत्साहन प्रणालीलाई निरन्तर दिइनेछ ।

१०९. नगरवासीहरुलाई प्रवाह गरिने सेवालाई व्यवस्थित र प्रभावकारी तुल्याउन एकल विन्दु सेवा केन्द्रको स्थापना गरि सेवा प्रवाहलाई सरल र व्यवस्थित वनाइनेछ साथै नगरपालिकाको मुख्य प्रशासनिक भवन परिसरमा सेवाग्राहीमैत्री वातावरण निर्माणको लागि सुविधासम्पन्न सेवाग्राही

प्रतिक्षालय कक्षको निर्माण गरिनेछ ।गरिव तथा विपन्न नागरिकहरुका लागि निःशुल्क कानुनी सहायता उपलब्ध गराउन नगरपालिकामा कानुन तथा न्यायीक सहायता कक्षको स्थापना गरिनेछ ।

११०. गत वर्ष सम्पन्न हुन नसकेका अधुरा योजनाहरुलाई यसै वर्ष सम्पन्न गर्न विशेष प्राथमिकता दिइनेछ ।

१११. **नगर प्रमुख नवप्रवर्तन प्रोत्साहन कार्यक्रम** संचालन गरि नगर क्षेत्रभित्रका यूवा तथा बिद्यार्थीहरु द्वारा संचालित नवप्रवर्तनका क्रियाकलापहरुलाई सहयोग गरिनेछ । बिज्ञान ,सूचना तथा संचार प्रविधि,नवप्रवर्तन र आविष्कारको क्षेत्रमा यूवाहरुलाई आकर्षित तथा प्रोत्साहन गर्न राष्ट्रिय आविष्कार केन्द्र, नास्ट लगायत विभिन्न संघ संस्थाहरुसंग समन्वय गरि तिलोत्तमा सुचना तथा बिज्ञान प्रविधि आविष्कार केन्द्रको स्थापना गरिनेछ ।

११२. सरकारी सेवाका बहालवाला तथा अवकाश प्राप्त विज्ञ महानुभावहरुको सीप, अनुभव तथा ज्ञानलाई नगरपालिकाको विकासमा उपयोग गर्न तिलोत्तमा प्रशासन तथा सेवा प्रवाह सुधार समिति गठन गरि उक्त समितिको सुझाव समेतको आधारमा नगरपालिकाको प्रशासन तथा सेवा प्रवाह सुधार गरिनेछ ।आमनगरवासी हरुको दीर्घ जीवनका लागि जीवनकला प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

११३. भूमिहिन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरु लाई जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराउन नगरपालिकाले विशेष पहलकदमी गर्नेछ । संघीय सरकार तथा राष्ट्रिय भूमि आयोगसंग समन्वय गरि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गाधनी प्रमाणपूर्जा प्राप्त गर्दा तिर्नुपर्ने राजश्वको दर घटाउन पहल कदमी गरिनेछ साथै, नगरबासीलाई जग्गाको स्वामित्व सुनिश्चित गर्न बिशेष नापी, पुनःनापी तथा गाउँ ब्लकका जग्गा नापजाँच सम्बन्धी प्रक्रिया अगाडी बढाइनेछ ।

११४. पुँजीगत खर्च अभिबृद्धिका लागि योजना तथा कार्यक्रम कार्यान्वयन सँग सम्वन्धित कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।

११५. डिजिटल तिलोत्तमा कार्यक्रमलाई निरन्तरता दिई सेवा प्रवाहलाई सरल सहज र पहुँचयोग्य वनाउन थप कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छ।

११६. तिलोत्तमा नगरपालिकाको क्षमता विकास योजनाले लक्ष्य गरे अनुरुप सरकारी तथा गैर सरकारी तालिम प्रदायक संस्थाहरु संग समन्वय तथा साझेदारी गरि जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि बिभिन्न क्षमता विकासका योजनाहरु संचालन गरिनेछ । न्यायीक समितका

कामकारवाहीहरुलाई व्यवस्थित तथा प्रविधिमैत्री बनाउन न्यायीक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताहरुलाई सूचना प्रविधिसँग सम्वन्धित विभिन्न तालिम तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

११७. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट कायम हुन आएको दरबन्दी अनुरुपको नगर प्रहरीको रिक्त पदलाई पदपूर्ती सहित थप नगरप्रहरी भर्ना गरि कानून तथा नगर कार्यपालिकाका निर्णयहरु कार्यान्वयन, न्यायिक समितिका फैसला कार्यान्वयन, बजार अनुगमन, नगर क्षेत्रभित्र शान्ति सुरक्षा कायम, राजस्व असुली, सडक तथा ट्राफिक सुरक्षा, जनचेतना अभिवृद्धि आदी क्रियाक्रलपहरुमा प्रभावकारी परिचालन गरिनेछ ।

११८. नगर कार्यपालिको मुख्य प्रशासनिक कार्यालय र वडा कार्यालय र अन्य मातहतका कार्यालयमा बेरोजगार युवा हरुलाइ Internship को अवसर दिइने छ । नगरपालिकाले नयाँ कर्मचारी नियुक्त गर्दा Internship गरेका हरुलाइ अनुभवको आधारमा ग्रेसमार्क दिने नीति अपनाइने छ । नगर भित्र रहेका बैंक तथा सहकारीहरुमा नगरपालिका को सिफारिसमा Internship गर्ने व्यवस्था मिलाइने छ ।

११९. तिलोत्तमा नगरपालिकाको परियोजना बैंक तथा पंचबर्षिय योजनाले निर्दिष्ट गरेका योजना तथा कार्यक्रमहरुमा बजेट बिनियोजन गरि दीर्घकालीन प्रभाव पर्ने किसिमका योजनाहरु संचालन गरिनेछ । प्रत्येक बर्ष परियोजना बैंकका प्राथमिकता प्राप्त, नगर गौरव र नगर स्तरीय स्वर्णिम आयोजनाहरुको लागि अनिवार्य रुपमा बजेट बिनियोजन गरिनेछ ।

१२०. नगरपालिकाको आन्तरिक श्रोत अभिवृद्धि गर्न राजस्व सुधार कार्ययोजनाले पहिचान गरेका क्षेत्रहरु मा आवश्यक जनशक्तिको परिचालन गरि राजस्व श्रोत अभिवृद्धिका अभियानहरु संचालन गरिनेछ ।

१२१. निर्माणाधिन तथा निर्माण हुन बाँकी वडा कार्यालयहरु यसै आर्थिक वर्ष भित्र सम्पन्न हुने गरि आवश्यक व्यवस्था मिलाइने छ। वाउन्ड्रिवाल निर्माण गर्न वाँकी रहेका वडा कार्यालयहरुमा वाउन्ड्रि वाल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिई वजेट सुनिश्चित गरिनेछ । साथै नगरपालिकाद्वारा निर्माण हुने भौतिक संरचनाहरु अपांगमैत्री, लैंगिकमैत्रि तथा वालमैत्री हुनुपर्ने व्यवस्था अनिवार्य गरिनेछ ।

१२२. अवण्डामा बजेट राखि बजेट कार्यान्वयन गर्ने प्रवृत्तीलाई निरुत्साहित गरिनेछ । वित्तीय सुशासन कायम गर्दै वेरुजु न्यून गर्ने तथा विगतका वाँकी वेरुजुहरुलाई कार्ययोजना वनाई फर्छ्यौटका लागि आवश्यक पहल गरिनेछ ।

१२३. भ्रष्टाचारजन्य क्रियाकलाप प्रति शुन्य सहनशीलताको नीति अवलम्बन गर्दै भ्रष्टाचारजन्य क्रियाकलाप न्यूनीकरणका लागि नगरपालिकाका नीति तथा कानूनहरुको व्यापक प्रचार प्रसार, कार्यविधी सरलीकरण, व्यवस्थित नागरिक सहायता कक्षको स्थापना, प्रभावकारी गुनासो सुनुवाई संरचनाको व्यवस्था, हटलाइन सेवाको बैज्ञानिक व्यवस्थापन, सूचनाहरुको पारदर्शिता र जनप्रतिनिधि र कर्मचारीहरुको जवाफदेहिता अभिवृद्धि गरिनेछ ।

१२४. नगर क्षेत्र भित्र संचालित संचारका माध्यमहरुको विकास तथा विस्तारको लागि सहयोग तथा पहल गरिनेछ । तिलोत्तमा मा कार्यरत पत्रकारहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरि खोज तथा अनुसन्धानमूलक पत्रकारीता मा जोड दिइनेछ ।

१२५. संस्थागत स्व मूल्यांकन र वित्तीय सुशासन मूल्यांकनबाट देखिएका कमी कमजेरीहरुलाई पहिचान गरि समयमै सुधार गरी शुसासन प्रवर्द्धनमा जोड दिइनेछ ।

१२६. नगरपालिकाको अभिलेख प्रणालीलाई चुस्त दुरुस्त बनाउदै अभिलेख व्यवस्थापन प्रणाली प्रभावकारी बनाइनेछ।

१२७. Empowering Women in Technology कार्यक्रम संचालन गरि महिला उद्यमीहरुका लागि Digital Marketing Training संचालन गरिनेछ ।

अन्त्यमा, नीति तथा कार्यक्रमको सफल र सार्थक कार्यान्वयन नगरपालिकाको एकल प्रयासले सम्भव छैन। सबै राजनीतिक दल, सामुदायिक, निजी तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, सहकारी तथा वित्त क्षेत्र, टोल विकास संस्था, युवा क्लब, आमा समूह र सचेत आम नगरवासीहरुको निरन्तर साथ, सहयोग र सर्मथनले मात्र उल्लेखित नीति तथा कार्यक्रमले देखेका समुन्नत तिलोत्तमाका सपनाहरुलाई मुर्तरुप दिन सकिन्छ। आम सञ्चार जगतको निरन्तर खबरदारी हाम्रो लागि सर्वदा पथ प्रर्दशक रहनेछन। समृद्ध तिलोत्तमा निर्माण तर्फ यस नीति तथा कार्यक्रमले नीतिगत प्रस्थान (Policy Departure) गर्न खोजेको छ। यसले समग्र तिलोत्तमालाई नै सुनौलो युगको दिशातर्फ डोऱ्याउने विषयमा हामी आशावादी छौं। जनताको घरदैलोको सरकारको रुपमा तिलोत्तमा नगरपालिकाले काम गर्नुपर्दछ भन्ने हेक्का हामीलाई छ सोही अनुरुप हामीले जनताका आशा र दैनानुदिन आवश्यकतालाई परीपूर्ती गर्ने गरी यो नीति तथा कार्यक्रम ल्याएका छौं। नीति तथा कार्यक्रमको कार्यान्वयनमा समेत सबै सरोकारवाला पक्षहरुको साझेदारी समझदारी र पहरेदारीको अपेक्षा गर्दछु।

रामकृष्ण खाण

नगर प्रमुख